# धन्यवाद

नेपाली छापा जगतमा दलित सम्बन्धी लेखहरुको यो संगालो सामाजिक विकास तथा अनुसन्धान केन्द्रको प्रयास हो। विभिन्न कालखण्डमा विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका लेखहरुको प्रारम्भिक छनौट गर्ने काममा हामीलाई प्रभाकर गौतम, गणेश हुमागाई, रामशरण हुमागाई र देवराज हुमागाईले सघाउनु भएको हो। हामी वहाँ प्रति कृतज्ञ छौं।

पुस्तकको प्रारम्भिक खाका तयार भएपछि यस पुस्तकको विषय सूची र स्वरुपमा अमूल्य योगदान दिएर हाम्रो प्रयासमा हौसला दिनु हुने विभिन्न दलित संघ संगठन, विशेष गरी दलित सेवा संघ, दलित महिला संघ, मुक्ति समाज, दलित एनजीओ फेडरेशन, दलित विकास समिति, जातीय समता समाजका प्रतिनिधिहरु प्रति हामी हार्दिक आभार व्यक्त गर्दछौं। यसै क्रममा केही आवश्यक लेखहरु उपलब्ध गराई दिनुहुने श्री चक्रमान विश्वकर्मा प्रति पनि हामी आभारी छौं।

त्यसै गरेर यस पुस्तकमा संकलन गरिएका लेखहरुका लेखकहरु– जसका लेखहरु हामीले आवश्यक काँटछाँट गरी यहाँ समावेश गरेका छौं– प्रति हामी धेरै धेरै आभारी छौं। वहाँहरुले हाम्रो यस गैर नाफामुखी प्रयासप्रति पूर्ण समर्थन जनाउनु हुनेछ भन्नेमा हामी आशावादी पनि छौं।

यस पुस्तकको विषयवस्तुको अध्ययन गरेर आफ्नो मन्तव्य लेखेर सहयोग पुऱ्याउनु हुने श्री हिरा विश्वकर्मालाई हामी धन्यवाद दिन चाहन्छौं। यस पुस्तकको कम्प्युटर टाइपसेटिङ्ग गरि दिनु हुने निशान कम्प्युटर्सका श्री किशोर प्रधानलाई हामी धन्यवाद दिन्छौं। साथै यस पुस्तकको साजसज्जा र मुद्रणको जिम्मा लिने डङ्गोल प्रिन्टर्स तथा एकता बुक्स प्रति हामी कृतज्ञ छौं।

यसरी नै यस पुस्तक तयारी गर्ने क्रममा विभिन्न चरणहरुमा योगदान पुऱ्याउने भास्कर गौतम र शेखर पराजुली प्रति हामी आभारी छौं। र अन्तमा यस पुस्तक तयार गर्न आर्थिक सहयोग जुटाएर महत्त्वपूर्ण टेवा पुऱ्याउने जापान फाउण्डेशन एशिया सेन्टर (Japan Foundation Asia Centre) लाई हामी धन्यवाद दिन चाहन्छौं।

- प्रत्यूष वन्त

सामाजिक विकास तथा अनुसन्धान केन्द्र